# मङ्गलादेवी सिंह
# प्रजातन्त्रवादी नेतृ



जन्म : वि. सं. १९८२ मङ्सिर २५
मृत्यु : वि. सं. २०५४

नेपालको राजनीतिमा लगातार दुईवटा राजनीतिक लडाइँको अग्रीम मोर्चामा हिम्मतका साथ उभिने योद्धाहरूको सङ्ख्या औंलामा गन्न सकिने छ। जहानियाँ राणाशासनविरोधी लडाइँमा सफलता हासिल गरे पनि नेपालका प्रजातन्त्रवादी योद्धाहरूले थकाइ मार्न पाएनन्। उनीहरूले पुन: जहानियाँ शाहशासनका विरुद्ध आफ्नो ज्यानको बाजी लगाएर लड्नुपऱ्यो। जनताका अधिकारका लागि नथाकी आन्दोलनमा डट्ने यस्तै एक साहसी व्यक्तित्वको नाम हो- मङ्गलादेवी सिंह। २००७ सालको क्रान्तिमा सक्रियतापूर्वक भाग लिनुभएकी मङ्गलादेवी ०४६ सालको ऐतिहासिक आन्दोलनमा पनि उत्तिकै सक्रिय रहनुभएको थियो। आजीवन आन्दोलनमा लागिरहने एक अब्बल दर्जाकी प्रजातन्त्रवादी नेतृका रूपमा मङ्गलादेवीले नेपाली राजनीतिक इतिहासमा आफ्नो स्थान सुरक्षित गर्नुभएको छ।

०४६ को प्रजातान्त्रिक आन्दोलनमा अद्वितीय स्थान राख्नुहुने गणेशमान सिंहकी धर्मपत्नी मात्र होइन, मङ्गलादेवी आफैंले पनि प्रजातान्त्रिक आन्दोलनका क्रममा थुप्रै हन्डर र ठक्करहरू खानुभयो। विवाह भएको चार महिनामै गणेशमान सिंहलाई राणा सरकारका आठपहरियाहरूले पक्राउ गरेपछि अन्योलमा पर्नुभएकी मङ्गलादेवीले त्यसपछि आफूलाई क्रमश: प्रजातान्त्रिक आन्दोलनमा समर्पित गर्नुभएको देखिन्छ।

राणाकालमा बडाकाजी रत्नमानको सान र शौकत बेग्लै थियो। उनकै जेठा छोरा हीराकाजी अर्थात् गणेशमानसँग मङ्गलादेवीको विक्रम सम्वत् १९९७ मा विवाह भएको थियो। तर, राणाहरूका विश्वासपात्र रत्नमानका नाति गणेशमान भने तिनै राणाहरूको जहानियाँ शासन पल्टाउन लाग्नुभएको थियो। श्रीमान्को गिरफ्तारीबाट विचलित नभएर मङ्गलादेवीले प्रजातान्त्रिक आन्दोलनमा समर्पित हुने जुन अठोट गर्नुभयो, त्यसैले उहाँलाई एक सामान्य नेवार गृहिणीबाट मुलुककै प्रतिष्ठित, सम्मानित र आदरणीय महिला नेतृका रूपमा स्थापित गऱ्यो। सम्वत् १९९७ मा चार सहिदलाई राणाशाहीले फासी दिएको घटनामा उहाँले

कस्ती त्रासदी भोग्नुपरेन । गणेशमानलाई पनि फासी दिइएको हो कि भन्ने आशङ्का एक कान, दुई कान हुँदै उहाँका कानसम्म पनि आइपुग्यो । त्यतिबेलाको चित्रण उहाँले यसरी गर्नुभएको थियो- “गङ्गालाल दाइ र दशरथजीलाई शोभा भगवतीमा मारिएको थाहा पाएर म पुष्पलालसँग उहाँहरूलाई हेर्न गएकी थिएँ । वास्तवमा गङ्गालाल हो कि गणेशमान हो, पत्यार नलागेर म पनि हेर्न गएकी थिएँ । गङ्गालाल मात्र होइन, एक जना अर्को पनि छ भनेपछि मलाई हेर्न जानु आवश्यक भएको थियो ।”

जहानियाँ राणाहरूका विरुद्ध लड्ने साहसी युवाहरूलाई एकातिर फासीमा झुन्ड्याइँदै थियो भने अर्कोतिर उनीहरूले आफ्नै लागि लड्दैछन् भन्ने सामाजिक चेतना पनि विकास भएको थिएन । जेलमा जाने जति सबैलाई अपराधी र दोस्रो दर्जाको नागरिक ठान्ने त्यस समयमा गणेशमानका कारण मङ्गलादेवीले अनेकौं आरोप र अपमानहरू सुन्नुपऱ्यो । एक त जेलमा परेका आफ्ना श्रीमान्लाई होच्याएको उहाँलाई मन पर्ने कुरै थिएन । दोस्रो, मङ्गलादेवीमा राजनीतिक चेतना क्रमशः तीव्र हुँदै गएको थियो । त्यतिबेलाको न्यून चेतनास्तर भएको समाजमा राजनीतिक रूपमा जेल पर्नुभएका गणेशमानलाई होच्याएर बोल्दा मङ्गलादेवीले यस्तो जवाफ दिनुहुन्थ्यो- “चोरेर, लुटेर जेल गएको होइन । त्यसरी जेलमा बस्न जाने हिम्मत तिमीहरूको छ ? ...उहाँ त तिमीहरूजस्ता दासहरूको मुक्तिका लागि जेल जानुभएको हो ।”

राणाहरूको आदेशबिना हावा पनि चल्न सक्दैन भन्ने समयमा मङ्गलादेवीले विद्रोहको राँको बाल्नुभएको थियो । राणाहरूसँग आँखा जुधाएर महिला अधिकारका बारेमा उहाँले मुख खोल्नुभएको थियो । महिलाको मताधिकारका बारेमा मंगलादेवीसहितको नेतृत्वमा तत्कालीन राणा प्रधानमन्त्री पद्मशमशेरसँग कुराकानी भएको थियो । आफ्नो संस्मरणात्मक कृति *नारी सङ्घर्षका पाइलाहरू* मा त्यतिबेला पद्मशमशेरसँग भएको कुराकानीलाई मङ्गलादेवीले यसरी उल्लेख गर्नुभएको छ-

"पद्मशमशेरले सोधे- 'के भन्न आयौ तिमीहरू ?'

मैले भनें- 'नगरपालिकाको चुनाव हुन लागेको छ। हामी महिलाहरूलाई पनि भोट दिने अधिकार दिइनुपर्छ भन्न आएको सरकार !'

'चुनाव हुने भनेर कसले भन्यो ?'- पद्मशमशेरले सोधे।

'हामीले मानिसहरूबाट सुनेका हौं'- मैले भनेकी थिएँ।

'महिलाहरूलाई भोट दिने अधिकार कहाँ छ ?'- उनले फेरि प्रश्न गरे।

मैले भनें- 'सबैतिर नहोला। जहाँजहाँ अधिकार दिइएको छ, ती समाजहरूमा महिलाहरूको स्थिति राम्रो छ। जनता खुसी छन्।'

'अरू केही छ ?'- पद्मशमशेरले सोधे।

'महिलाहरूलाई पनि स्कुलमा पढ्न जाने व्यवस्था हुनुपर्छ सरकार !'- मैले भनें।

'स्कुल खोले पनि कसले पढ्छ ?'- उनले सोधे।

'स्कुल मात्र खोलियोस्, पढ्ने महिलाहरूको खाँचो हुँदैन।...'

'ल अहिले जाओ। भोट दिने अधिकार पाउनेछौ, स्कुलको कुरो पनि राम्रो छ। म विचार गर्छु।'- यति भनेर पद्मशमशेरले हामीलाई पठाए।"

श्री ३ महाराजाहरूसँग यसरी कुरा गर्न सक्नु पनि तत्कालीन समाजमा क्रान्तिकारी काम थियो। मङ्गलादेवीको सामाजिक-राजनीतिक दिशातिर डोरिएको त्यो यात्रा जीवनभरि कहिल्यै अवरुद्ध भएन। जेल, नेल, मानसिक-शारीरिक यातना वा प्रवास बसाइका कठिन दिनहरूमा पनि उहाँ कत्ति पनि विचलित र दिग्भ्रमित नभई प्रजातन्त्र प्राप्तिका लागि आफ्नो बुद्धि, विवेक र क्षमताले भ्याएसम्म आजीवन खटिरहनुभयो। महिलालाई कमजोर, निरीह र उपभोगका साधन मात्र ठान्ने पुरानो समाजमा मङ्गलादेवीहरूको आँट र साहस कम चुनौतीपूर्ण थिएन। "अधिकार, जिम्मेवारी र सीप नै आधुनिक सभ्य समाजका महिलाका

गहना हुन्"- मङ्गलादेवीको दृढ मान्यता थियो- "नेपाली महिलाहरूको मुक्ति तथा प्रजातन्त्र स्थापनाको बाटो हिँड्दा मैले 'सौभाग्यका चिन्ह' मानिने गहनाहरू सिध्याएँ भने कुनै दिन निमेष पनि दुःख मानिनँ।"

मङ्गलादेवीले जतिबेला स्वतन्त्रता र नागरिकअधिकारको झन्डा उचाल्नुभयो, त्यतिबेला समाज निकै सङ्कीर्ण, सङ्कोची र अनुदार थियो। आमनेपाली समाज कस्तो थियो भन्ने उदाहरण खोज्न टाढा जानै पर्दैनन्थ्यो। मङ्गलादेवीसँग आफ्नै सासू त्यसका लागि पर्याप्त उदाहरण हुनुहुन्थ्यो। मङ्गलादेवीको सम्झना यस्तो छ- "सासूको इच्छा थियो- म कसैसँग पनि नबोलूँ, कतै नजाऊँ, सासूको सेवा गरूँ, स्वस्थानीका किताब पढूँ, बत्ती कातूँ, खाना पकाऊँ, बसूँ। सासू यति सङ्कीर्ण हुनुहुन्थ्यो कि कुनै परपुरुषसँग राजनीतिक कुरा गरेको देख्नासाथ उहाँमा कुधारणा आइहाल्थ्यो र उहाँ त्यो परपुरुषलाई मेरै 'नाठो' पो हो कि भन्ने शङ्काले हेर्नुहुन्थ्यो।"

'हाँस्नुहुन्न नारीहरूले, वेश्या हुने हाँस्दछन्' भन्ने राणाशासनको कालरात्रिमा मङ्गलादेवीले नेपाल महिला सङ्घको स्थापनाको पहल गर्नुभयो। श्रीमान् जेल परेका कारण राणाशाहीप्रति उहाँमा उर्लिएको विरोधलाई ००४ सालमा महिलाहरूका बीचमा वनभोजको आयोजना गरी सङ्गठित गर्ने प्रयास गर्नुभयो। ००४ सालको साउन महिनामा म्हैपीको मन्दिरमा शिक्षित महिलाहरूको वनभोज आयोजना गरियो। स्नेहलता, मिठुदेवी, प्रेमलता कंसाकार, श्रीमाया, गुलवदन ताम्राकार, नानु प्रधान, प्रतिभा कर्माचार्य, हरिदेवी श्रेष्ठ, सरोजनी मानन्धर, मिठाई महर्जन, भानुदेवी, हीरादेवी तुलाधर, कृष्णकुमारी मानन्धर, नानीमैयाँ श्रेष्ठ, सुवर्णमैयाँ जोशी, सानुदेवी तुलाधर, मैया प्रधान, हसिनादेवी श्रेष्ठ, नारायणदेवी सिंह, तारा मानन्धर, केशरीदेवी मानन्धरलगायतको सहभागितामा भएको वनभोजमा महिलाहरूको विकास र हितका लागि छुट्टै सङ्गठन बनाउनेबारे छलफल भएको थियो।

त्यसको केही दिनपछि भेडासिंको खिलस्थित चिनियाँलाल सिंहको घरमा साधारण सदस्यता लिएका महिलाहरूको भेलाले नेपाल महिला

सङ्घ गठन गरेको थियो । महिलाहरूको भेलाले मङ्गलादेवीलाई अध्यक्ष, स्नेहलतालाई सचिव र श्रीमायालाई कोषाध्यक्ष बनायो भने समितिमा रेवन्तकुमारी आचार्य, कामाक्षादेवी, साधना प्रधान, सहाना प्रधान, हीरादेवी तुलाधर, सीतादेवी शर्मा, गुलवदन ताम्राकार, प्रतिभा कर्माचार्य, चम्पा वज्राचार्य, तीर्थदेवी श्रेष्ठ र मोती श्रेष्ठलाई चयन गऱ्यो । तर, संस्थापकहरूका बारेमा जीवित महिला नेतृहरूका धारणा भिन्नाभिन्नै छन् । भूमिगत रूपमा सञ्चालित सङ्घको कार्यालय नै त्यतिबेला राजनीतिक सूचनाहरूको आदान-प्रदान गर्ने स्थल बनेको थियो । ००७ सालसम्म उहाँकै नेतृत्वको नेपाल महिला सङ्घ निर्विवाद रूपमा चलेको थियो ।

राणाशासनको समाप्तिपछि पनि मङ्गलादेवीको मन राजनीतिबाट टाढा जान सकेन । गणेशमान जेलमा बस्दा होस् वा मन्त्री हुँदा- मङ्गलादेवी समान रूपमा राजनीतिमा सक्रिय भइरहनुभयो । उहाँले कहिले तिरस्कारको तीतो अपमान/खेप्नुपऱ्यो भने कहिले सम्मान र प्रतिष्ठाको पगरी पनि गुथ्नुपऱ्यो । ००७ पछि गणेशमान मन्त्री हुँदा होस् वा ०१७ सालको शाही 'कु' पछि प्रवासमा जाँदा होस्, मङ्गलादेवीको काँधमा सदा दोहोरो जिम्मेवारी रह्यो- एउटा, राजनीतिक रूपमा महिला सङ्घलाई अघि बढाउनु र अर्को छोराछोरी हुर्काउनु । यी दुई कामबीच गजबले तालमेल मिलाउन सकेकै कारण उहाँ एउटा साधारण नेवारकी छोरी र बुहारीबाट महिलाहरूकी प्रेरणादायी नेतृ बन्न सफल हुनुभएको छ ।

०१८ सालको 'जनसेवा काण्ड' मा नियतवश फसाएर तत्कालीन सरकारले मङ्गलादेवीलाई डेढ वर्ष थुन्यो । तर, मङ्गलादेवीलाई त्यसले विचलित होइन, सरकारप्रति थप क्रूद्ध, आक्रोशित र आक्रामक बनायो, जसका कारण उहाँ त्यसभन्दा कठिन र कष्टसाध्य यात्राका लागि मानसिक र भौतिक दुवै रूपमा तयार भइरहनुभयो । ३० वर्षे पञ्चायती कालरात्रिमा पनि उहाँले आफ्नो जटिल र चुनौतीपूर्ण राजनीतिक यात्रालाई जारी राख्नुभयो । त्यो नै उहाँको जीवनको सर्वथा अनुकरणीय

पक्ष हो ।

मङ्गलादेवीका बारेमा समाजवादी चिन्तक सीके प्रसाईंले लेख्नुभएको छ- "...जहिलेदेखि उहाँले राजनीतिको महायात्रा सुरु गर्नुभयो, त्यसबेलादेखि नै आफ्नो मन, वचन र कर्मलाई अलिकति पनि परिवर्तित गर्नुभएन। अवसर हेरी निरन्तरता दिनेहरूले पनि आफ्नो अनुकूल रङ्ग बदल्ने र अवस्था हेरी आफ्नो अनुकूलका भाषाहरू बोलेको सुनियो तर सत्य र सदा स्पष्ट बोल्ने, आधारभूत मूल्य, मान्यता र सिद्धान्तलाई कहिल्यै परिवर्तन नगर्ने उहाँको पहिचान हो।"

मङ्गलादेवीको जन्म सम्वत् १९८२ मङ्सिर २५ गते काठमाडौंमा भएको हो। परम्परागत नेवार परिवारमा परिवारको पहिलो सन्तानका रूपमा उहाँको जन्म भएको हो। सम्वत् १९९७ मा उहाँको विवाह बडाकाजी रत्नमानका नाति हीराकाजी अर्थात् गणेशमान सिंहसँग भएको हो। सायद मङ्गलादेवी जत्तिको दृढ निश्चयी, अविचलित र साहसी पत्नी नपाएको भए हीराकाजी गणेशमानको रूपमा सुविख्यात हुन सक्ने थिएनन् होला। सचेत राजनीतिकर्मीका रूपमा यो जोडी नेपाली काङ्ग्रेसको केन्द्रीय नेतृत्वमा लामो समयसम्म बसेको थियो। प्रजातन्त्र पुन:स्थापनाको आन्दोलनमा उहाँहरू दुवै जना नेपालका विभिन्न स्थानमा सँगै भाषण गर्न पुग्नुभएको थियो। मङ्गलादेवी जीवनभर नेपाली काङ्ग्रेसको एक जना इमानदार र कर्तव्यनिष्ट कार्यकर्ता मात्र रहनुभएन, यसको भगिनी सङ्गठन नेपाल महिला सङ्घको अध्यक्ष पनि बन्नुभयो। उहाँले हामीबाट सदाका लागि बिदा लिए पनि नेपाली महिलाहरूका लागि उहाँका योगदानहरू चिरकालपर्यन्त अमर रहने छन्।

◆